# लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचारसंहिता, २०६९

**प्रस्तावना :** लोक सेवा आयोगले आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा सम्पादन गर्ने सम्पूर्ण काम कारवाहीलाई प्रभावकारी र विश्वसनीय वनाई सुशासनको मूल्य र मान्यता अनुरुप स्वतन्त्र, निष्पक्ष एवं वस्तुनिष्ठ वनाउनका लागि आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको पेशागत आचरणका सम्बन्धमा व्यवस्था गर्न सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २३ को उपदफा (२) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी लोक सेवा आयोगले यो आचारसंहिता बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यो आचारसंहिताको नाम **"लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचारसंहिता, २०६९"** रहेको छ ।

१.२ यो आचारसंहिता लोक सेवा आयोगवाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

२.१ "आयोग" भन्नाले लोक सेवा आयोगलाई सम्झनु पर्छ ।

२.२ "पदाधिकारी" भन्नाले आयोगका अध्यक्ष र सदस्यलाई सम्झनु पर्छ ।

२.३ "दक्ष/विज्ञ" भन्नाले आयोगको परीक्षा लगायतका कार्यमा संलग्न व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले बढुवा समितिमा आयोगबाट तोकिने विशेषज्ञ समेतलाई जनाउनेछ ।

२.४ "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ र सो शब्दले आयोगको काममा खटिएका वा परीक्षा सञ्चालन वा अन्य प्रयोजनका लागि खटिएका अन्य निकायका कर्मचारी वा व्यक्तिलाई समेत जनाउनेछ ।

२.५ "नाता सम्बन्ध" भन्नाले पति, पत्नी तथा छोरा-छोरी, धर्मपुत्र-धर्मपुत्री, दाजु-भाई, दिदी-बहिनी, भाउजु-बुहारी, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाइ, मामा-माइज्यू, फुपु-फुपाज्यू, साला-साली र तिनका छोराछोरी सम्झनु पर्छ ।

**३. आचारसंहिता लागू हुने पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारी :**

३.१ देहायका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुका हकमा यो आचारसंहिता लागू हुनेछ :

(क) आयोगका पदाधिकारीहरु,

(ख) दक्ष/विज्ञहरु

लोक सेवा आयोग

(ग) आयोगको केन्द्रीय कार्यालय र अन्तर्गतका निर्देशनालय तथा कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु,

(घ) आयोगबाट अधिकार पाएका पदाधिकारी वा अन्य निकायका कर्मचारीहरु,

(ङ) आयोगको तर्फवाट गरिने कार्यमा आयोगले खटाएका व्यक्तिहरु ।

तर आयोगद्वारा करारमा नियुक्त व्यक्ति वा संस्था वा विशेषज्ञ वा सल्लाहकारको हकमा करारमा उल्लेख भए बमोजिम हुनेछ ।

## ४. दक्ष/विज्ञले पालना गर्नु पर्ने आचरण :

### ४.१ प्रश्नपत्र निर्माण गर्ने दक्ष/विज्ञले पालना गर्नु पर्ने आचरण :-

४.१.१ प्रश्नपत्र निर्माण गर्दा गोप्य रुपमा गर्नु पर्नेछ ।

४.१.२ कुन पद, श्रेणी वा बिषयको प्रश्नपत्र निर्माण गर्न दिएको हो सो कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यक्त गर्न हुँदैन ।

४.१.३ प्रश्नपत्र निर्माण गर्दा बनाएको टिप्पणी एवं खेस्रा नष्ट गर्नु पर्नेछ ।

४.१.४ प्रश्नपत्र निर्माणकर्ताले आफुले बनाएको प्रश्नपत्रको प्रतिलिपि आफुसँग राख्न हुदैन ।

४.१.५ जुन पदको प्रश्नपत्र निर्माण गर्न दिइएको हो सो पदको परीक्षामा आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार रहेको व्यहोरा जानकारी हुन आएको अवस्थामा प्रश्नपत्र निर्माण गर्न हुँदैन ।

४.१.६ आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुदैन ।

### ४.२ प्रश्नपत्र परिमार्जन गर्ने दक्ष/विज्ञले पालना गर्नु पर्ने आचरण :-

४.२.१ प्रश्नपत्र परिमार्जन गर्दा गोप्य रुपमा गर्नु पर्नेछ ।

४.२.२ कुन पद वा बिषयको प्रश्नपत्र परिमार्जन गर्न दिएको हो सो कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यक्त गर्न हुँदैन ।

४.२.३ प्रश्नपत्र परिमार्जन गर्दा बनाएको टिप्पणी एवं खेस्रा नष्ट गर्नु गराउनु पर्नेछ ।

४.२.४ प्रश्नपत्र परिमार्जनकर्ताले आफुले परिमार्जन गरेको प्रश्नपत्रको प्रतिलिपि बनाउन हुदैन ।

४.२.५ जुन पदको प्रश्नपत्र परिमार्जन गर्ने हो सो पदको परीक्षामा आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार रहेको व्यहोरा जानकारी हुन आएको अवस्थामा प्रश्नपत्र परिमार्जन गर्न हुँदैन ।



लोक सेवा आयोग

४.२.६ आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुदैन ।

**४.३ उत्तरपुस्तिका परीक्षण गर्ने दक्ष/विज्ञले पालना गर्नुपर्ने आचरण :-**

४.३.१ जुन पद वा विषयको उत्तरपुस्तिका परीक्षण गर्न दिएको हो सो कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यक्त गर्न हुँदैन ।

४.३.२ जुन पदको उत्तरपुस्तिका परीक्षण गर्न दिइएको हो सो पदको परीक्षामा आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार रहेको व्यहोरा जानकारी हुन आएको अवस्थामा उत्तरपुस्तिका परीक्षण गर्न हुँदैन ।

४.३.३ उत्तरपुस्तिका परीक्षण गर्दा प्रदान गरिएको अङ्क कहीं कतै व्यक्त गर्नु हुँदैन ।

४.३.४ आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुदैन ।

**४.४ प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्ताकर्ताले पालना गर्नुपर्ने आचरण :-**

४.४.१ नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा सो समूहको प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्तामा बस्नु हुँदैन ।

४.४.२ प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्ता हुनुभन्दा अघि त्यस्तो परीक्षामा आफु संलग्न हुने कुरा कहीं कतै व्यक्त गर्न हुदैन ।

४.४.३ प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्तामा अङ्क प्रदान गरेको कुरा कहीं कतै व्यक्त गर्न हुदैन ।

४.४.४ आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुदैन ।

**४.५ बढुवा समितिमा तोकिएका दक्ष/विज्ञले पालना गर्नुपर्ने आचरण :-**

४.५.१ बढुवा समितिको बैठक बस्नु भन्दा अघि कुन पदको बढुवामा भाग लिने हो सो कुरा कहीं कतै व्यक्त गर्नु हुदैन ।

४.५.२ बढुवा समितिको बैठकमा के के बिषयमा छलफल भयो र सो बिषयमा क-कस्ले के के राय दिए सो व्यक्त गर्नु हुदैन ।

४.५.३ उम्मेदरवारले कार्यसम्पादन मूल्याङ्कनमा प्राप्त गरेको अङ्क कहीं कतै व्यक्त गर्नु हुदैन ।

लोक सेवा आयोग

## ५. स्वतन्त्रता, निष्पक्षता, गोपनीयता र समानता सम्बन्धी आचरणहरु :

५.१ आयोगका पदाधिकारी एवं कर्मचारीले आयोगको संस्थागत एवम् कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न हरसम्भव प्रयत्नशील रहनु पर्दछ ।

५.२ आयोगको परीक्षासँग सम्बन्धित काममा गोपनीयता कायम गर्नु पर्नेछ ।

५.३ आयोगका पदाधिकारी एवं कर्मचारीले आयोगको कार्य सम्पादन गर्दा वा पदीय कर्तव्य तथा दायित्व निर्वाह गर्दा वाह्य वा आन्तरिक कुनै पनि क्षेत्रबाट कुनै पनि कारणले प्रत्यक्ष वा परोक्षरुपमा आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई कानूनको सही रुपमा प्रयोग गरी कार्य सम्पादन गर्नु पर्दछ ।

५.४ आयोगका पदाधिकारी एवं कर्मचारीले आफ्नो पदीय कर्तव्य पूरा गर्दा स्वतन्त्रतापूर्वक कानून बमोजिम कार्य गर्नु पर्दछ र आयोगका अन्य पदाधिकारी एवं कर्मचारीहरुलाई पनि स्वतन्त्रतापूर्वक कार्य गर्न सक्ने सहज वातावरण प्रदान गर्नु पर्दछ । कुनै कार्य खास तरिकाले गर्न वा नगर्न मातहतको कर्मचारीलाई कुनै प्रकारको हस्तक्षेप गर्न वा अनुचित प्रभाव पार्न वा दबाब दिन हुँदैन ।

तर, यस दफाले,

(क) कानून बमोजिम निर्देशन दिन वा आदेश दिनलाई बाधा पुर्‍याएको मानिने छैन,

(ख) आयोगको कामको निष्पक्षताका लागि दक्ष/विज्ञ वा आफ्नो मातहतको कर्मचारीसंग सो काममा सहयोग पुग्ने वा सतर्कता अपनाउने उद्देश्यले गरिने छलफल वा रायलाई अनुचित प्रभाव पार्न दवाब दिएको मानिने छैन, र

(ग) पदाधिकारी वा कर्मचारीले आफ्नो सहायकलाई आवश्यक निर्देशन दिई काम लगाउनमा वाधा पुर्‍याएको मानिने छैन ।

५.५ आयोगका पदाधिकारी एवं कर्मचारीले कुनै पनि प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह नराखी राष्ट्र र जनताको वृहत्तर हितलाई प्राथमिकता दिई आफ्नो पदीय कर्तव्यको पालना गर्नु पर्दछ ।

५.६ आयोगका पदाधिकारी एवं कर्मचारीले सेवाग्राहीहरु प्रति र एक-आपसमा समेत सम्मानजनक र मानवीय व्यवहार गर्नु पर्दछ ।

५.७ आयोगका पदाधिकारी एवं कर्मचारीले आयोगको काम कारवाहीमा असर पर्ने गरी वा आयोगको निष्पक्षता, गोपनीयता वा विश्वसनीयतामा आँच पुग्ने गरी जानाजान कुनै प्रकारको टिकाटिप्पणी वा आलोचना गर्न वा सार्वजनिक वा अन्य कुनै रुपमा अभिव्यक्ति दिनु हुँदैन ।

५.८ आयोगप्रतिको जनविश्वास अभिवृद्धि गर्न आयोगका पदाधिकारी एवं कर्मचारीले आफ्नो व्यवसायिक तथा निजी जीवनमा उच्चस्तरको आचरण प्रर्दशन गरी समाजमा उदाहरणीय रुपमा प्रस्तुत हुने प्रयास गर्नु पर्दछ ।

## ६. सदाचार र अनुशासन सम्बन्धी आचरणहरु :

### ६.१ आयोगका पदाधिकारी एवं कर्मचारीहरुले देहायका कार्यहरु गर्नु पर्नेछ :-

६.१.१ आफूले सार्वजनिक संस्थालाई तिर्नुपर्ने, फछ्र्यौट गर्नुपर्ने वा बुझाउनु पर्ने रकम, कर दस्तुर, दण्ड जरिवाना वा महशुल कानून बमोजिम बुझाउनु पर्दछ,

६.१.२ आयोगको उद्देश्य, नीति, कार्यक्रम, मूल्य एवं मान्यता प्रति सदा समर्पित भइ रहनु पर्दछ ।

६.१.३ आयोगको परीक्षा सम्बन्धी कार्य लगायतका अन्य पदीय कर्तव्य पालना गर्दा विना पूर्वाग्रह गोपनीयता कायम राखी इमान्दारी तथा दक्षताका साथ गर्नु पर्नेछ ।

६.१.४ आयोगको अधिकारप्राप्त पदाधिकारी वा आयोगको काममा संलग्न दक्ष/विज्ञ वा कर्मचारीबाट भएका काम कारवाहीको निष्पक्षता र गोपनीयतामा असर पर्ने कुनै कार्य भएको छ भन्ने जानकारी प्राप्त भएमा आयोगलाई त्यसको जानकारी दिनु पर्नेछ ।

६.१.५ पोशाक भत्ता लिने राष्ट्रसेवकले तोकिए बमोजिमको पोशाक लगाउनु पर्नेछ ।

### ६.२ आयोगका पदाधिकारी एवं कर्मचारीहरुले देहायका कार्यहरु गर्न हुन्छ :

६.२.१ आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षाको सञ्चालन, संयोजन तथा अध्यापनको कार्यबाहेक आयोगको काम कारवाहीमा प्रतिकूल प्रभाव नपर्ने गरी आफूले विशेषज्ञता हासिल गरेको विषयमा लिखित वा मौखिक परामर्श र प्रवचन दिन वा परीक्षा सम्बन्धी सम्बन्धित कार्यमा संलग्न हुन तथा अध्ययन, अनुसन्धान र अध्यापन गर्न सकिनेछ ।

६.२.२ साहित्य, कला, संस्कृति, खेलकुद, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जन सम्बन्धी र पेशागत एवं सामाजिक संस्थाहरुमा सदस्य हुन र त्यस्ता मञ्चहरुमा सहभागी हुन सकिनेछ ।

६.२.३ राजनैतिक दल र सो सँग सम्बद्ध भातृ संगठन बाहेक पेशागत संघ संस्थाहरुले आयोजना गरेको सभा, गोष्ठी आदिमा कार्यालयको काममा बाधा नपर्ने गरी सहभागी हुन सकिनेछ ।

६.२.४ आयोगले गोप्य राख्नु पर्ने प्रकृतिका बिषयहरु बाहेक आयोगको उद्देश्य नीति कार्यक्रमका सम्बन्धमा प्रतिकुल असर नपर्ने खालका लेख, रचना प्रकाशन गर्न सकिनेछ ।

६.२.५ नेपाल सरकार, कानून बमोजिम स्थापित बैंकिङ्ग एवं वित्तीय संस्था तथा सार्वजनिक कम्पनीहरुले सार्वजनिक रुपमा जारी गरेको ऋण पत्र, वचत पत्र, शेयर खरिद विक्री गर्न वा लाभांश लिन सकिनेछ ।



लोक सेवा आयोग

६.२.६ सबैको लागि खुला गरिएको प्रतिस्पर्धामा सहभागी भै पुरस्कार, पदक, प्रमाणपत्र एवं सम्मान ग्रहण गर्न सकिनेछ ।

६.२.७ नेपाल सरकार वा वैदेशिक संस्था वा कुनै सार्वजनिक संस्थाले आयोजना गरेको कार्यक्रम, समारोह, भोज भतेर वा रिसेप्सनमा भाग लिन हुन्छ ।

**६.३ आयोगका पदाधिकारी एवं कर्मचारीहरुले देहायका कार्यहरु गर्न हुँदैन :**

६.३.१ आयोगको सहमति वेगर आयोगको तर्फवाट कुनै प्रकारको अनधिकृत प्रतिवद्धता वा प्रतिज्ञा गर्न हुँदैन ।

६.३.२ आयोगका पदाधिकारी एवं कर्मचारीले कर्तव्य पालना गर्दा जानकारीमा आएको कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपवाट प्रकाश गर्नु हुँदैन ।

६.३.३ आफू र आफनो आफन्त वा आफ्नो निकटका नातेदार वा व्यक्तिहरुसंग सम्बन्धित कुनै काम गराउन वा नगराउन आफू कार्यरत वा अन्य निकायका पदाधिकारीलाई दवाव दिन वा अनुचित प्रभाव पार्न लगाउन हुँदैन ।

६.३.४ आयोगका अन्य पदाधिकारी वा कर्मचारीले गरिरहेका गोपनीयता कायम गर्नुपर्ने काम कारवाहीका विषयहरुमा अनावश्यक रुपमा खोजिनीति गर्न वा चासो लिन हुँदैन ।

**७. <u>उपहार तथा कोसेली ग्रहण गर्न नहुने</u> :**

७.१ आयोगका पदाधिकारी एवं कर्मचारीले कुनै पनि परिक्षार्थीबाट वा आयोगसँग आर्थिक कारोवार गरिरहेको वा आयोगबाट सम्पादन हुने कार्यसँग सम्बन्धित व्यक्ति वा संस्थाबाट कुनै दान, दातव्य, ऋण, आर्थिक वा भौतिक लाभ, उपहार वा कोसेली ग्रहण वा स्वीकार गर्नु हुँदैन ।

तर, विशुद्ध पारिवारिक सम्बन्ध र व्यक्तिगत मित्रताको आधारमा प्रदान गरिएको दान, दातव्य, ऋण, उपहार वा कोसेली लिन हुन्छ ।

७.२ आयोगका पदाधिकारीले कर्मचारीबाट र माथिल्लो तहका कर्मचारीले आफू मातहतका निकाय वा अन्तर्गतका निकायका कर्मचारीबाट कुनै किसिमको उपहार तथा कोसेली ग्रहण गर्न हुँदैन ।

**८. <u>पदको दुरुपयोग गर्न नहुने</u> :**

८.१ आयोगका पदाधिकारी एवं कर्मचारीले आफ्नो ओहोदा एवं अख्तियारी आफू वा आफ्नो परिवार वा कसैको अनुचित लाभ पुग्ने गरी प्रयोग गर्न हुँदैन ।

८.२ आयोगका पदाधिकारी एवं कर्मचारीले आयोगको सम्पत्ति वा सुविधा कार्यालय प्रयोजनको लागि वा आफ्नो पदीय हैसियतलाई सुहाउँदो किसिमले बाहेक अन्य व्यक्तिगत काममा प्रयोग गर्न हुँदैन ।



लोक सेवा आयोग

८.३ आयोगका पदाधिकारी एवं कर्मचारीले कार्यालय समयलाई आफ्नो व्यक्तिगत कार्यमा प्रयोग गर्न हुँदैन ।

**९. <u>गैर सरकारी संघ/संस्थाको पदाधिकारी हुन नहुने तथा अन्यत्रको रोजगारी स्वीकार्न नहुने :</u>**

९.१ आयोगका पदाधिकारी एवं कर्मचारीले दफा ६.२.२ मा उल्लेख भएकोमा बाहेक अन्य कुनै गैर सरकारी संघ/संस्थाको पदाधिकारी हुन वा त्यस्तो संस्थाको अनुचित वा गैरकानूनी कृयाकलापमा संलग्न हुन हुँदैन ।

९.२ आयोगका पदाधिकारी एवं कर्मचारीले प्रचलित कानून बमोजिम बाहेक बाह्य रोजगारी स्वीकार गर्न हुँदैन ।

९.३ आयोगका पदाधिकारी एवं कर्मचारीले कुनै राजनैतिक दल वा त्यस्तो दलसित आवद्ध कुनै संघ/ संस्थाको सदस्यता ग्रहण गर्न हुँदैन ।

**१०. <u>नाता सम्बन्ध भएका व्यक्ति संलग्न रहेको विषयको काम कारवाही सम्बन्धमा :</u>**

१०.१ कुनै परीक्षामा आफ्नो कुनै नाता सम्बन्ध रहेको व्यक्ति उम्मेदवार रहेको जानकारी पाएको अवस्थामा जानकारी हुनसाथ सोको लिखित जानकारी गराउनु पर्दछ । आयोगका पदाधिकारी एवं कर्मचारीले आफ्नो नाता सम्बन्ध भएका व्यक्ति आयोगको परीक्षामा उम्मेदवार भएमा निष्पक्षता एवं गोपनीयता कायम गर्नु पर्ने देहायको कार्य वा निर्णय प्रकृयामा संलग्न हुनु हुँदैन :-

१०.१.१ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षा केन्द्रमा जानीजानी नखटिने ।

१०.१.२ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षाको उत्तरपुस्तिकामा संकेत नं. राख्ने कार्यमा संलग्न नहुने ।

१०.१.३ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षाको प्रश्नपत्र छपाईमा संलग्न नहुने ।

१०.१.४ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षाको प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन र उत्तरपुस्तिका परीक्षण गर्न पठाउने कार्यमा संलग्न नहुने ।

१०.१.५ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षाको लिखित/प्रयोगात्मक/अन्तिम नतिजा प्रकाशन गर्ने कार्यमा संलग्न नहुने ।

१०.१.६ लिखित परीक्षाको नतिजा प्रकाशन कार्यमा संलग्न हुने कर्मचारीले सो पद को अन्तर्वार्तामा संलग्न नहुने ।

१०.२ निष्पक्षता र गोपनीयता कायम गर्नु पर्ने कार्यमा संलग्न हुँदै जादा नाता सम्बन्ध भित्रको व्यक्ति देखिन आएमा तत्काल सोको सूचना आफुभन्दा माथिल्लो तहका कर्मचारीलाई दिई सो कार्यबाट अलग हुनु पर्दछ ।

लोक सेवा आयोग

**११. <u>आचार संहिताको अनुगमन</u> :**

यो आचार संहिताको पालना सम्बन्धी अनुगमन देहाय बमोजिमका पदाधिकारीबाट गरिनेछ :

(क) आयोगको अध्यक्षको हकमा आयोगबाट,

(ख) आयोगको सदस्य वा राजपत्रांकित विशिष्ट श्रेणीको कर्मचारीको हकमा अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यबाट,

(ग) अन्य कर्मचारीको हकमा आयोगका सचिव वा निजले तोकेको अधिकृतबाट ।

**१२. <u>विविध</u> :**

१२.१ यो आचार संहिता पालना सम्बन्धी विषयमा द्विविधा उत्पन्न भएमा कर्मचारीहरुले आयोगका सचिव समक्ष र सचिव तथा पदाधिकारीहरुले आयोग समक्ष परामर्श गरी निकासा भए वमोजिम गर्नु पर्दछ ।

१२.२ यस आचार संहिताको पालना गर्ने गराउने क्रममा कुनै विशेष परिस्थिति आइपरेमा वा कुनै वाधा अड्चन परेमा आयोगले तत्सम्बन्धमा आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

१२.३ आयोगले आवश्यकता अनुसार यस आचारसंहितामा संशोधन गर्न सक्नेछ ।

लोक सेवा आयोग